जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र


खण्डः५ संख्या ०५ प्रमाणिकरण मितिः२०७९/०८/२९

राजपत्रमा प्रकाशन मितिः२०७९/१०/२५


भाग-२

जीतपुरसिमरा उपमहानगरपालिका

## छात्रवृत्ति कार्यक्रम संचालन कार्यविधि, २०७९

**प्रस्तावना**

जीतपुरसिमरा उपमहानगरपालिकाको मिति २०७९।०८।२९ गतेको पाँचौ कार्यपालिका बैठकद्वारा प्राविधिक तथा व्यवसायिक शिक्षामा प्रोत्साहनको नीति अनुरुप दक्ष चिकित्सक तथा ईन्जिनियर उत्पादनका लागि यस नगरभित्र स्थायी रुपमा बसोबास गर्ने तथा नगरभित्रका विद्यालयमा अध्ययन गरेका गरिब तथा जेहेन्दार विद्यार्थीहरुको उच्च प्राविधिक शिक्षा अध्ययनको व्यवस्थापन गर्ने कार्यलाई सरल, सहज र व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ३ को नियम ११(ज).१६, नगर शिक्षा ऐन, २०७५ को दफा ४८ (२) र जीतपुरसिमरा उपमहानगरपालिकाको

जीतपुरसिमरा उपमहानगरपालिका

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ४ (१) बमोजिम कार्यपालिकाद्वारा यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेदः एक
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"छात्रवृत्ति कार्यक्रम संचालन कार्यविधि, २०७९"** रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) "नगर शिक्षा ऐन" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले "छात्रवृत्ति कार्यक्रम संचालन कार्यविधि, २०७९" लाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "विद्यालय" भन्नाले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ र जीतपुरसिमरा उपमहानगरपालिका शिक्षा ऐन, २०७५ अनुसार स्थापना तथा सञ्चालन भएका सामुदायिक र संस्थागत विद्यालयहरूलाई सम्झनु पर्दछ।

(च) "छात्रवृत्ति" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाद्वारा प्रदान गरिने तोकिए बमोजिमको छात्रवृत्तिलाई सम्झनु पर्दछ ।

(छ) "शिक्षा तथा मानव स्रोत विकास केन्द्र" भन्नाले नेपाल सरकारद्वारा गठन गरिएको शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई सम्झनु पर्दछ ।

(ज) "कार्यक्रम कार्यान्वयन पुस्तिका" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकालाई सम्झनु पर्दछ ।

(झ) "एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा व्यवस्थित गरिएको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सम्झनु पर्दछ ।

(ञ) "राष्ट्रिय परीक्षा बोर्ड" भन्नाले नेपाल सरकारद्वारा गठन गरिएको राष्ट्रिय परीक्षा बोर्ड लाई सम्झनु पर्दछ।

(ट) "शिक्षा, युवा तथा खेलकुद महाशाखा" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखालाई सम्झनु पर्दछ।

जीतपुरसिमरा उपमहानगरपालिका

(ठ) "न्युनतम शैक्षिक योग्यता" भन्नाले कक्षा १२ उत्तीर्ण भई सम्बन्धित निकायले लिएको योग्यता परीक्षामा उत्तीर्ण भनी सम्झनु पर्दछ।

(ड) "छनौट समिति" भन्नाले नियम ५ को उपनियम १ बमोजिम गठित छात्रवृत्ति छनौट समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेदः दुई

## छात्रवृत्रिको प्रकार, तह, विषय सम्बन्धी व्यवस्था

**३. छात्रवृत्रिको प्रकारः**

(१) यस नगरपालिकाले प्रदान गर्ने छात्रवृत्ति देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय छात्रवृत्ति

(ख) एम.बि.बि.एस. छात्रवृत्ति

(ग) स्नातक तह ईन्जिनियरिङ्ग छात्रवृत्ति

(घ) अनुसन्धानात्मक छात्रवृत्ति

(ङ) एम.बि.बि.एस. इन्टर्नशीप छात्रवृत्ति

(२) कार्यपालिकाको निर्णयानुसार नियम ३ (१) बमोजिमको छात्रवृत्ति कार्यक्रममा आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।

**४. छात्रवृत्ति प्रदान गरिने तह तथा विषयः**

(१) विद्यालय छात्रवृत्ति कार्यक्रम अन्तर्गत विद्यालय तहमा संघीय/प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदान अन्तर्गत देहाय बमोजिमका छात्रवृत्ति कार्यक्रम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको **विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४** बमोजिम प्रदान गरिनेछः

(क) छात्रा छात्रवृत्ति (कक्षा १-८)

(ख) दलित छात्रवृत्ति (कक्षा १-८)

(ग) माध्यमिक शिक्षा छात्रवृत्ति (कक्षा ९-१२)

(घ) अपाङ्गता छात्रवृत्ति (कक्षा १-१२)

(२) यस नगरपालिकाले उच्च प्राविधिक शिक्षा अन्तर्गत स्नातक तहका देहायका विषयमा छात्रवृत्ति प्रदान गर्नेछ ।

(क) एम.बि.बि.एस. छात्रवृत्ति (५ वर्षे)

(ख) स्नातक तह ईन्जिनयरिङ्ग छात्रवृत्ति (४ वर्षे)

(ग) अनुसन्धानात्मक छात्रवृत्ति

(घ) एम.बि.बि.एस. इन्टर्नशीप छात्रवृत्ति

जीतपुरसिमरा उपमहानगरपालिका

(३) यस नगरपालिका क्षेत्र भित्रको सामाजिक, साँस्कृतिक, धार्मिक, प्राकृतिक तथा वातावरणीय सम्पदाहरूमा केन्द्रित रहेर आवश्यक शोध अनुसन्धान कार्यमा सहयोग पुऱ्याउने हेतुले छात्रवृत्ति प्रदान गर्न सक्नेछ ।

(४) अन्यत्र जेसुकै उल्लेख भएतापनि नियम ४ उपनियम २ को (क) र (ख) बमोजिमको छात्रवृत्ति कार्यक्रम कार्यान्वयन गर्दा नियम ५.१ बमोजिमको छनौट समितिले अध्ययनरत विद्यार्थीलाई मात्र सिफारिस गर्ने छ ।

(५) यस नगरपालिकाले देश भित्रकै सरकारी स्वामित्वको क्याम्पस/विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई मात्र छात्रवृत्ति प्रदान गर्नेछ ।

## परिच्छेदः तीन

## छनौट समिति सम्बन्धी व्यवस्था

**५. छात्रवृत्ति छनौट समितिः**

(१) यस नगरपालिकाले प्रदान गर्ने एम.बि.बि.एस. र स्नातक तह ईन्जिनियरिङ्ग विषयका छात्रवृत्तिमा विद्यार्थी छनौट गरी सिफारिस गर्न निम्न बमोजिमको छात्रवृत्ति छनौट समिति रहनेछः-

(क) अध्यक्ष, नगर शिक्षा समिति -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगर शिक्षा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानी पठाइका एक जना -सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख -सदस्य सचिव

(२) नियम १(ग) बमोजिम छानी पठाएको सदस्यको पदावधि ३ (तीन) वर्षको हुनेछ । तर नगर शिक्षा समितिको निर्णयबाट निजलाई पुनः अर्को कार्यकालको लागि छनौट गर्न बाधा पर्ने छैन ।

(३) बैठक सम्बन्धी कार्यविधि छनौट समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार:** छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(1) शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट पेश भएको विस्तृत विवरण सहितको सूचना तथा कार्यक्रमको मस्यौदा अध्ययन गरी संशोधन गर्नुपर्ने भए सो समेत गरी उक्त सूचना प्रकाशनका लागि निर्देशन गर्ने ।

(2) आवश्यक पर्ने न्यूनतम योग्यता, आवेदनको प्रक्रिया तथा पेश गर्नुपर्ने कागजातको विवरण तयार गर्ने ।

जीतपुरसिमरा उपमहानगरपालिका

(3) उम्मेदवारले आवेदनका लागि प्रकाशित सूचना बमोजिम आफ्नो पासपोर्ट साइजको फोटो सहितको वैयक्तिक विवरण, न्यूनतम शैक्षिक योग्यता तथा तोकिएको अन्य योग्यता सम्बन्धी विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित वडाको सिफारिस, अन्य कागजातहरु, आवेदन गर्न चाहेको समूह (एम.बि.बि.एस./स्नातक तह ईन्जिनियरिङ्ग, अन्य) समेत खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा पेश भएको आवेदन उपर छानविन गरी आवेदन रद्द गर्नु पर्ने भए निर्णय गरी जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

(4) आवेदकहरुको तथ्याङ्कीय विवरण र पेस गरेका कागजातका आधारमा रुजु गर्ने/गराउने ।

(5) आवेदनको ढाँचा तथा कबुलियतनामाको ढाँचा तयार गर्ने/गराउने ।

(6) छनौट सम्बन्धी सम्पूर्ण कार्यहरू गरी, गराई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अन्तिम सूची नगर कार्यपालिकामा सिफारिस गर्ने ।

(7) छात्रवृत्तिको निम्ति सिफारिस भएका उम्मेदवारको अनुसूची-२ बमोजिमको न्यूनतम ५ वर्ष सेवा गर्ने कबुलियतनामा गर्ने/गराउने ।

(8) छात्रवृत्ति प्राप्त गरी अध्ययन पश्चात् कबुलियतनामा अनुसार सेवा गरे, नगरेको अनुगमन गर्ने र कबुलियतनामा अनुसार सेवा नगर्ने उम्मेदवारबाट निजलाई छात्रवृत्ति बापत प्रदान गरिएको सम्पूर्ण रकम व्याज सहित असुल उपर गर्ने/गराउने ।

(9) नगरपालिकाबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने/गराउने ।

## परिच्छेदः चार

## छात्रवृत्तिको कोटा संख्या र रकम निर्धारण तथा छनौटको आधारहरु सम्बन्धी व्यवस्था

**७. छात्रवृत्तिको कोटा संख्या र रकम निर्धारणः**

(१) यस नगरपालिकाले प्रदान गर्ने छात्रवृत्तिको कोटा संख्या र रकम देहाय बमोजिम हुनेछ ।

**(क) विद्यालय छात्रवृत्तिः** विद्यालय तहमा उपलब्ध गराइने छात्रवृत्तिका लागि विद्यालयले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विवरण अद्यावधिक गराउनु पर्नेछ र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी विद्यालयमा ७५% रुजु हाजिरी भएको हुनु पर्नेछ ।

**(ख) उच्च प्राविधिक शिक्षा छात्रवृत्तिः** एम.बि.बि.एस. मा अध्ययनरत १ (एक) जना विद्यार्थीलाई कूल शुल्क वापतको १००% र स्नातक तह ईन्जिनियरिङ्गमा अध्ययनरत २ (दुई) जना मध्ये छनौट समितिले सिफारिस गरेको योग्यताक्रम अनुसार १ (एक) जना विद्यार्थीलाई कूल शुल्क वापतको १००% र १ (एक) जना विद्यार्थीलाई ५०% रकम छात्रवृत्ति वापत प्रदान गरिनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका

(ग) **उच्च प्राविधिक शिक्षा छात्रवृत्ति कोटा संख्या र समयतालिकाः** एम.बि.बि.एस. र स्नातक तह ईन्जिनियरिङ्गमा छात्रवृत्ति प्रदान गर्ने कोटा संख्या, रकम र समयतालिका आवश्यक्ता अनुसार नगर कार्यपालिकाको निर्णयबाट प्रकाशन तथा संशोधन गर्न सकिनेछ ।

(घ) **एम.बि.बि.एस. इन्टर्नशीप तथा अनुसन्धनात्मक छात्रवृत्तिः** एम.बि.बि.एस. इन्टर्नशीप तथा अनुसन्धनात्मक छात्रवृत्ति सम्बन्धी विस्तृत विवरण र सो वापत प्रदान गरिने रकम नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(ङ) नियम ४ को उपनियम (२) बमोजिमको छात्रवृत्ति कार्यक्रममा प्रथम वर्ष/सेमिष्टरमा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिनेछ ।

(च) अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि आ.व. २०७९/०८० को हकमा नियम ४ को उपनियम (२) को (क) र (ख) बमोजिमको छात्रवृत्ति कार्यक्रममा हाल जुनसुकै वर्ष/सेमिष्टरमा अध्ययनरत विद्यार्थी समेत सहभागि हुन सक्नेछन् ।

(२) **छनौटका आधारहरुः** नियम ५(१) अनुसारको छात्रवृत्ति छनौट समितिले न्यूनतम योग्यता पुगेका आवेदकहरुबाट अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन पेश भएका आवेदनहरुको देहायको मापदण्डको आधारमा आवश्यक छानविन गरी छात्रवृत्तिका लागि उमेदवारको नामावली नगर कार्यपालिकामा सिफारिस गर्नेछ ।

**(१) एम.बि.बि.एस. र स्नातक तह ईन्जिनियरिङ्ग छात्रवृत्तिः**

(क) देहायको मापदण्डको आधारमा कुल ५० अंकलाई पूर्णाङ्क मानी उच्चतम अंक प्राप्त गर्ने आवेदकहरुको नाम छात्रवृत्तिको लागि नगर कार्यपालिकामा सिफारिस गरिनेछ।

**देहायः-**

| क सं | विवरण | पूर्णाङ्क | सामुदायिक विद्यालयको विद्यार्थी भए | संस्थागत विद्यालयको विद्यार्थी भए |
|---|---|---|---|---|
| १ | नगरपालिका भित्रका विद्यालयबाट माध्यामिक शिक्षा परिक्षा (SEE) वा सो सरह उत्तीर्ण | १० | १० | ५ |
| २ | नगरपालिका भित्रको विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरेको भएमा | १५ | १५ | १० |
| ३ | न्युनतम योग्यता भएका बिद्यार्थी छात्रा / दलित / जनजाति / अपाङ्ग भएमा | २० | - | - |
| ४ | गरिब तथा जेहेनदार विद्यार्थी भएमा | ५ | - | - |
| | **जम्मा** | **५०** | | |

(ख) उपनियम (क) बमोजिम मापदण्डको आधारमा बिद्यार्थीहरुको अंक बराबर भएमा नेपाल भित्रकै विश्वविद्यालयको सम्बन्धित विषयको प्रवेश परिक्षाको योग्यता सूचीको आधारमा प्राथमिकता दिईनेछ ।

(३) **<u>अन्य छात्रवृत्ति वितरण संख्या व्यवस्था:</u>** यस नगरपालिकाभित्र संचालित विद्यालयमा अध्ययनरत विद्यार्थीरुलाई प्राप्त हुने दलित, छात्रा, अपाङ्ग लगायत अन्य छात्रवृत्ति वितरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका (PIM) बमोजिम नै हुनेछ ।

(४) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले आफूले प्रत्येक वर्ष/सेमिष्टर उत्तीर्ण गरेका कागजात नगरपालिकामा पेश गर्नुपर्नेछ । यसरी प्राप्त भएको कागजात छानविन गरी नगरपालिकाले छात्रवृत्ति रकम निकासा गर्नेछ ।

(५) हाल पहिलो वर्ष/सेमिष्टर बाहेक अन्य वर्षमा अध्ययनरत बिद्यार्थीले अघिल्लो वर्ष/सेमिष्टरको मार्कशीट र हाल सम्म बुझाएका शुल्कको रसिद पेश गरेपछी मात्र नतिजा विश्लेषणको आधारमा बाँकी छात्रवृत्ति रकम क्रमशः प्रदान गरिनेछ ।

## परिच्छेदः पाँच
## <u>छात्रवृत्ति कोष स्थापना तथा सञ्चालन प्रक्रिया</u>

८. **<u>छात्रवृत्ति कोष:</u>**

**(क)** छात्रवृत्तिका लागि आवश्यक पर्ने रकम वार्षिक रुपमा नगरपालिकाले छात्रवृत्ति कोषमा जम्मा गर्नेछ । उक्त कोषमा व्यक्ति, संघ संस्था लगायतले समेत निःस्वार्थ रुपमा योगदान गर्न सक्नेछन् तथा उक्त कोषको सञ्चालन प्रचलित नियमानुसार हुनेछ ।

**(ख) <u>छात्रवृत्ति रकम निकासा:</u>** अध्ययनरत् बिद्यार्थीको छात्रवृति रकम कलेज/विश्वबिद्यालयको सिफारिस र रसिदको आधारमा सम्बन्धित कलेज/विश्वबिद्यालयको खातामा निकासा दिईनेछ।

**(ग) <u>मनोनयन:</u>** नियम ७ को उपनियम २ (१) र (२) बमोजिम, छनौट समितिको सिफारिसका आधारमा नगरपालिकाले योग्यताक्रमानुसार विषयगत तथा छात्रवृत्तिको किसिम अनुरूप विद्यार्थी मनोनयन गर्नु पर्नेछ ।

**(घ) <u>कवुलियतनामा:</u>**

**(१)** नियम ४ को उपनियम २ को खण्ड (क) र (ख) बमोजिम छात्रवृति प्रदान गर्दा एम.बि.बि.एस. र स्नातक तह ईन्जिनियरिङ्ग अध्ययन गर्ने विद्यार्थीका निम्ति नियम ६ को उपनियम (७) बमोजिम अध्ययन पश्चात कम्तिमा ५ (पाँच) बर्ष यस नगरपालिकाभित्र आफुसंग सम्बन्धित बिषयमा अनिवार्य सेवा गर्ने सर्त समेत खुलाई अनुसूची-२ को ढाँचामा कबुलियतनामा गराउनु पर्नेछ ।

(२) अनुसूची-२ बमोजिम गरिएको कबुलियतनामामा उल्लिखित व्यवस्था पालना गर्नु विद्यार्थीको कर्तव्य हुनेछ । उक्त कबुलियतनामाको परिपालन नभएमा छात्रवृत्ति छनौट समितिको सिफारिसमा नगरपालिकाले उपलब्ध गराएको छात्रवृत्ति वापतको रकम असुल उपर गरी प्रचलित कानुन बमोजिम कारवाही गर्नेछ ।

## परिच्छेदः छ
## विविध

९. **बाझिएमा अमान्य हुनेः** यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१०. **वाधा अडचन फुकाउनेः** यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा नगर कार्यपालिका बाट अनुमोदन हुने गरि नगर प्रमुखले वाधा अडचन फुकाउन आदेश जारी गर्न सक्नेछ ।

११. **संसोधनः** यो कार्यविधि नगर कार्यपालिकाको निर्णयबाट आवश्यक्ता अनुसार संसोधन गर्न सकिनेछ।

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची - १

(नियम ६ को उपनियम (३) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः

श्री जीतपुरसिमरा उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
जीतपुर, बारा,
मधेश प्रदेश, नेपाल ।

**पासपोर्ट साइजको फोटो**

**विषयः एम.बि.बि.एस./ इन्जिनियरिङ्ग स्नातक तह छात्रवृत्ति कार्यक्रममा सहभागि गराई दिने सम्बन्धमा** ।

उपरोक्त विषयमा तँहा कार्यलयबाट मिति ......................... मा प्रकाशित सूचना अनुसार म एम.बि.बि.एस./इन्जिनियरिङ्ग स्नातक तह छात्रवृत्ति कार्यक्रममा सहभागि हुन योग्य भएकोले उक्त कार्यक्रमका लागि आवश्यक कागजातहरु समेत यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गर्दछु ।

निवेदकको नाम,थरः
स्थायी ठेगानाः
जन्म मितिः
अध्ययन विषयः
माध्यमिक शिक्षा तथा कक्षा १२ उत्तीर्ण गरेको विद्यालयको नाम/ठेगानाः
संलग्न कागजातहरुः

१. अध्ययनरत संस्थाको बिधार्थी उक्त संस्थामा अध्ययनरत रहेको भनि अध्ययन शुल्क समेत खुलाएको पत्र,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. स्थायी बसोबास उल्लेख भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
४. बसाईसराई गरेको भए सोको प्रमाणित प्रतिलिपी,
५. जनजाति/दलित भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
६. शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी,
७. गरिब तथा जेहेनदार भएको व्यहोरा सहितको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
८. प्रवेश पत्र र प्रवेश परिक्षामा उत्तीर्ण भएको योग्यता सूची सहितको प्रमाणको प्रमाणित प्रतिलिपि,
९. अन्य थप कागजात भएमाः- (क)..................... (ख)................... (ग)...................

माथि उल्लेखित विवरण ठीक साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउला ।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः
नाम,थरः
ठेगानाः
सम्पर्क नं

जीतपुरसिमरा उपमहानगरपालिका

अनुसूची-२

(नियम ६ को उपनियम ७ सँग सम्बन्धित)

**कबुलियतनामा**

म जीतपुरसिमरा उपमहानगरपालिका वडा नं........को स्थायी बासिन्दा ........................................ को नाति/नातिनी ................................ को छोरा/ छोरी जीतपुरसिमरा उपमहानगरापालिका द्वारा सञ्चालित छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को अधिनमा रही एम.बी.बी.एस./इन्जिनियरिङ्ग स्नातक तह छात्रवृत्ति कार्यक्रममा छनौट भई नगरपालिकाद्वारा प्रदान गरिएको छात्रवृत्ति उपयोग गरेबापत आफ्नो अध्ययन पश्चात यस नगरपालिकाले खटाएको स्थानमा गई तोकिए बमोजिम न्यूनतम ५ (पाँच) वर्ष अवधिसम्म कार्य गर्ने प्रतिबद्धताका साथ कबुलियतनामा गर्दछु । कबुलियत बमोजिमको कार्य नगरेमा नगरपालिकाबाट छात्रवृत्ति वापत दिइएको रकमको साँवा र व्याज सहित असुल उपर हुने कारबाही भोग्न मञ्जुर गर्दछु ।

**नाम/थरः-**

बुबाको नाम,थरः-

आमाको नाम,थरः-

ठेगानाः-

उमेरः-

निवेदकको सहीछापः-

**साक्षीको नाम/ थरः-**

ठेगानाः-

सहीः-

सम्पर्क नं -

| | |
|---|---|
| | बाँया |

इति सम्वत् .................साल ...........महिना .............. गते रोज.............. शुभम्...........।

आज्ञाले,

चेत कुमार पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका